# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८ ) काठमाडौं, मंसीर २८ गते २०५५ साल ( अतिरिक्ताङ्क ५७ (क)


## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट संयुक्त अधिराज्यको लण्डनमा स्वास्थ्य-परीक्षण तथा उपचार गराइबक्सी स्वदेश फिरिबक्सँदा २०५५ साल मंसीर २८ गते देशवासीका नाममा बक्सेको सन्देशः–

प्यारा देशवासीहरू,

श्री परमेश्वरका अनुग्रह तथा नेपालीहरूको शुभेच्छाले संयुक्त अधिराज्यको लण्डनमा स्वास्थ्य-परीक्षण तथा उपचार गराई आज स्वदेश फर्कदा हामीलाई खुशी लागेको छ ।

हाम्रो स्वास्थ्य लाभको लागि देश विदेशबाट शुभकामना व्यक्त गर्ने सबैलाई हामी धन्यवाद दिन चाहन्छौं । साथै स्वास्थ्य-परीक्षण एवं उपचारमा संलग्न स्वदेशी एवं विदेशी चिकित्सक तथा सहयोगीहरू समेतलाई धन्यवाद दिन चाहन्छौं । लागू हुनेछ।

८९३

हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कार्यको अभिभारा सम्हाल्ने राजप्रतिनिधि परिषद्का अध्यक्ष हाम्रा छोरा श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव तथा अन्य सदस्यहरूलाई हाम्रो धन्यवाद छ । साथै आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउने सबै देशवासीहरूलाई पनि धन्यवाद दिन चाहन्छौं ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

598